# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## प्रसौनी गाउँपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

प्रसौनी गाउँपालिका

बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

प्रसौनी गाउँपालिका

बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १४२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

प्रसौनी, बारा ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ५३ लाख ८० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ८० लाख ५८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३ लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९६ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु १३ लाख २३ हजार, यस बर्ष प्रतिकृयाबाट थप रु. ८२ र पेश्की बाँकी रु. ५ लाख समेत गरी यस वर्ष रु १ करोड १८ लाख ३२ हजार बेरुजू कायम रहेको छ । प्रसौनी गाउँपालिकाको गतवर्ष सम्म रु. २० करोड ३ लाख

९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड २१ लाख ४० हजार रहेको छ । **प्रसौनी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने प्रसौनी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रसौनी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

श्यामप्रसाद भण्डारी

**नायब महालेखापरीक्षक**

# प्रसौनी गाउँपालिका,

# बारा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | २८ | १५३८० | ० | ३ | ३५४९ | ४९ | २८ | ११८३२ | ३९८ | १३२३ | ९३९३ | ० | ० | ११०१३ | ५०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | २४४४३२ | ० | ४४१२३ | २००३०९ | ८२ | ११८३१ | २१२१४० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | २.५ | संचितकोष दाखिला प्रमाण पेश | ५५५०१४ |
| १ | ०७९।८० | २४ | बढी भुक्तानी प्रशासकीय भवन असुल | ५८२१७.६ |
| २ | ०७९।०८० | ३२ | समपुरक अनुदान फिर्ता | ५०५३१७ |
| ३ | ०७९।०८० | ३६.५ | शिक्षण सिकाइ अनुदान प्रमाण पेश | १२६७९८८ |
| ४ | ०७९।०८० | ४० | सामाजिक सुरक्षा प्रमाण पेश | ११६२३३० |
| | **चालु वर्षको जम्मा** | | | ३५४८८६६.६ |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७८।७९** | १२ | शसर्त अनुदान फिर्ता | ४४१२३७२१ |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | - | - | |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा, २०.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा २५४७८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१५ देखि २०८०।१०। १७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५४१६१८०.३२ राजस्व बाँडफाँडबाट

रु ५,७९,०३,०२२.५६, अनुदानबाट रु. ३०,०९,१२,७५९, अन्य प्राप्ती रु ३,९६,७८,६३५.२५ र गत बर्षको ट्रान्सफर गर्ने रकम जिम्मेवारी सारेको रकम रू ९,६७,०३,७२३.७८ गरी रू ५०,०६,१४,३२०.९ प्राप्ती भएकोम चालु तर्फ रु. २१,६६,५९,२२६.२ तथा अन्यकोष तर्फको भुक्तानी रु. १,९५,२४,१७१.८ र पूँजिगत तर्फ रु. १६,७७,२६,६३९ समेत रु. ४०,३९,१०,०३७ खर्च भएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः

| विवरण | यस वर्ष रु. | | गतवर्ष रु. | |
|---|---|---|---|---|
| | प्राप्ति/भुक्तानी | जम्मा | प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५०,०६,१४,३२०.९४ | ५०,०६,१४,३२०.९४ | ४७,८९,१४,२११.२३ | ४७,८९,१४,२११.२३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ४६,०९,३५,६८५.६९ | ४६,०९,३५,६८५.६९ | ४६,०८,७५,८७९.२३ | ४६,०८,७५,८७९.२३ |
| ११००० कर | ६,२०,७३,६७३.९१ | ६,२०,७३,६७३.९१ | ८,०३,४४,२५८.७९ | ८,०३,४४,२५८.७९ |
| १३००० अनुदान | ३०,०९,१२,७५९.०० | ३०,०९,१२,७५९.०० | २९,७१,०२,०००.०० | २९,७१,०२,०००.०० |
| संघीय सरकार | २८,७०,०३,५००.०० | २८,७०,०३,५००.०० | २७,९७,८५,०००.०० | २७,९७,८५,०००.०० |
| प्रदेश सरकार | १,३९,०९,२५९.०० | १,३९,०९,२५९.०० | १,७३,१७,०००.०० | १,७३,१७,०००.०० |
| १४००० अन्य राजस्व | ९,७९,४९,२५२.७८ | ९,७९,४९,२५२.७८ | २,०१,४६१.१४ | २,०१,४६१.१४ |

| | | | | |
|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | ० | ० | ८,३२,२८,१५९.३० | ८,३२,२८,१५९.३० |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ३,९६,७८,६३५.२५ | ३,९६,७८,६३५.२५ | १,८०,३८,३३२.०० | १,८०,३८,३३२.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | २,७७,१८,१३९.८० | २,७७,१८,१३९.८० | ९०,९७,०००.०० | ९०,९७,०००.०० |
| धरौटी | १,१९,६०,४९५.४५ | १,१९,६०,४९५.४५ | ८९,४१,३३२.०० | ८९,४१,३३२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४०,३९,१०,०३७.०४ | ४०,३९,१०,०३७.०४ | ३३,९४,१०,१०१.३४ | ३३,९४,१०,१०१.३४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ३८,४३,८५,८६५.२४ | ३८,४३,८५,८६५.२४ | ३३,२८,७२,५९१.३४ | ३३,२८,७२,५९१.३४ |
| २१००० पारिश्रमिक / सुविधा | ४,२७,६३,२२७.५० | ४,२७,६३,२२७.५० | ४,५४,८८,९६१.५४ | ४,५४,८८,९६१.५४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ८,५६,३४,११३.६६ | ८,५६,३४,११३.६६ | ६,४१,४५,१५६.७५ | ६,४१,४५,१५६.७५ |
| २५००० सहायता (Subsidy) | ० | ० | ६,०५,३५०.०० | ६,०५,३५०.०० |
| २६००० अनुदान | ७,९५,६३,०४५.६० | ७,९५,६३,०४५.६० | ८,४२,६६,५६०.६० | ८,४२,६६,५६०.६० |

| | | | | |
|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | ३३,३५,१९९.०० | ३३,३५,१९९.०० | ६६,२९,९९६.०० | ६६,२९,९९६.०० |
| २८००० अन्य खर्च | ५३,६३,६४०.४८ | ५३,६३,६४०.४८ | २५,८२,८८२.४५ | २५,८२,८८२.४५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १६,७७,२६,६३९.०० | १६,७७,२६,६३९.०० | १२,९१,५३,६८४.०० | १२,९१,५३,६८४.०० |
| घ. अन्य भूक्तानी | १,९५,२४,१७१.८० | १,९५,२४,१७१.८० | ३३,९४,१०,१०१.३४ | ३३,९४,१०,१०१.३४ |
| कोषहरु | १,५६,५८,९२७.८० | १,५६,५८,९२७.८० | ५,४९,६२९.०० | ५,४९,६२९.०० |
| धरौटी | ७३,०८,७३७.०० | ७३,०८,७३७.०० | ५९,८७,८८१.०० | ५९,८७,८८१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (३४,४३,४९३.००) | (३४,४३,४९३.००) | | |
| ङ. यो वर्षको बचत (न्युन) | ९,६७,०४,२८३.९० | ९,६७,०४,२८३.९० | १३,९५,०४,१०९.८९ | १३,९५,०४,१०९.८९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | १३,४७,२८,८९७.२० | १३,४७,२८,८९७.२० | ४५,७४,३९३.३१ | ४५,७४,३९३.३१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | २३,१४,३३,१८१.१० | २३,१४,३३,१८१.१० | १४,४०,७८,५०३.२० | १४,४०,७८,५०३.२० |
| बैंक तथा नगद बाकी | २२,१२,८१,३४०.१० | २२,१२,८१,३४०.१० | १४,४९,०९,८६२.२० | १४,४९,०९,८६२.२० |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.८८३२३८६७।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१६२६०७८९।०० स्थानीय तह प्रशासकीय भवन कार्यक्रमको रु.६००००००।०० गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४५४९४०।०० समेत गरी रु.१११०३९५९६।०० खर्च गरेकोमा सुत्रमा लेखाङ्कन छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार बैङ्क मौज्दात रु.२३१४३३१८१।१० हुनु पर्नेमाबैक मौज्जात रु.२२१२८१३४०।१० देखाएकोले रु.१०१५१८४१।०० बैक घटी देखाएको छ । म ले प फा नं २०७२ को श्रेस्ता अनुसार बाँकि रु ९३२७८०५२।०० देखिनु पर्नेमा रु २२१२८१३४०.१० देखिएको र रु. १६६०२६५७८।०० देखिनु पर्नेमा बैक रु.१०५१७९८९४।०० बाँकी देखाएकोछ । सञ्चितकोषमा जम्मा गर्नु पर्नेमा आन्तरिक राजश्व खातामा जम्मा गरेको रु.१२१२४१२०२।०० को कारण सञ्चित कोषसँगको हिसाव फरक परेको भन्ने कार्यलयको भनाई रहेको भएपनि हिसाव अभिलेखन सहि तरिकाले गर्नुपर्ने देखिन्छ ।

| हिमालयन बैंक लि.खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | मौज्दात रु |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | २६५७४२२ | ८१३३९१६८ | १२१२४१२०२ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | २७५००००० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | २१५४५०५३ | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ४५४९६५७६ | ० | ० |
| ग २.७, विविध खर्च खाता | १०००००० | १०००००० | २१९६४०० |
| ग ३.१, स्धानीय तह धरौटी खाता | ११३७७३६८ | १४१३८१३५ | १४१३८१३६ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १०२९४२६२ | ७७५१७५० | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | ९५०८४१ | ९५०८४१ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९०७३७१ | | |

| | | | |
|---|---|---|---|
| जम्मा | ९३२७८०५२ | १०५१७९८९४ | १६६०२६५७८ |

२.४ **सञ्चित कोषबाट ट्रान्सफरः** म ले प फा नं २०७२ मा चालु खर्च खाता र पूजीगत खर्च खाता र सञ्चित कोष खातामा क्रमशः २१५४५०५३.३२, ४५४९६५७५.५८ र १०२९४२६२.२५ मौज्दात देखिएको र सो मध्ये चालु तथा खर्च खाता शुन्य गरी आन्तरिक राजश्व खातामा ट्रान्सफर गरेको र सञ्चित कोषमा रु ७७५१७५०।०० रहेको देखिन्छ । पेश भएको बैंक विवरण अनुसार चालु खर्च खाता तथा पुजीगत खर्च खाताबाट क्रमशः रु ८५४०६२७.०० र ३५८७९३१२.७३ स्थानीय सञ्चित कोषमा ट्रान्सफर नगरी आन्तरिक राजश्व खातामा ट्रान्सफर गरेको देखिन्छ साथै सञ्चित कोष खातामा रहेको रु ५१७९९९४२.७४ पनि आन्तरिक राजश्व खातामा ट्रान्सफर गरेको देखिन्छ । सञ्चित कोषमा रकम ट्रान्सफर गर्नुपर्दछ ।

| हिमालयन बैंक लि.खाताको प्रकार | बैंक अनुसार बाकी रु |
|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | २५०२१३१९.५३ |
| चालु खर्च खाताको | ८५४०६२७.०० |
| पुजीगत खर्च खाता | ३५८७९३१२.७३ |
| सञ्चित कोष खाता | ५१७९९९४२.७४ |
| मौज्दात | १२१२४१२०२.०० |

२.५ **.....प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णय अनुसार रु.५५५,०१४ को सम्परीक्षण गरिएको।**

३ **नीति तथा कार्यक्रम** -

लघुउद्यम विकास सम्बन्धि कार्यक्रम, दिगो कृषि प्रणालीलाई आबद्ध गर्न ५ वर्षे रणनीत पत्र तयार गरिने, पशु विमा तथा कृषि वीमा कार्यक्रम सञ्चालन गर्ने, एक वडा एक पकेट क्षेत्र, एक वडा एक पर्यटकीय गन्तव्य, एक घर एक उद्यमी कार्यक्रम, गरिवी निवारण कोष मार्फत सञ्चालित समुहहरुलाई वडा स्तरमा सहकारी मार्फत एकिकृत गरी परिचालन गरिने, लगानी र व्यपारलाई व्यवस्थित गर्न कानुन बनाउने, साक्षरता गाँउपालिका घोषणा गर्ने, सम्पुर्ण बालबालिकालाई विद्यालय ल्याऔ टिकाऔ र सिकाऔ अभियान सञ्चालन गर्ने, मदिरा र सुर्तिजन्य पदार्थको आयत तथा बिक्रि वितरणलाई कार्यविधि बनाई व्यवस्थित गर्ने, अति विपन्न परिवारको पहिचान गरी घर विहिन परिवारको लागि जनता आवस कार्यक्रम तथा गरिवसँग गाउपालिका कार्यक्रम सञ्चालन गरिने, सम्पत्ति कर सम्बन्घि व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिने विषयलाई रु.४८४६७५०००।०० बजेट व्यवस्था हुँदा पनि बजेटमा समावेश गरेको देखिदैन । नीति तथा कार्यक्रममा समावेश गरेको विषय वजेटमा समावेश गरी कार्यान्वयन गरी समृद्ध प्रसौनी पालिका सुखि प्रसौनी पालिका को नारालाई सार्थक बनाउनुपर्दछ ।

## ४ खर्च विश्लेषण -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५४१६१८०.३२ राजस्व बाँडफाँडबाट रु ५,७९,०३,०२२.५६, अनुदानबाट रु. ३०,०९,१२,७५९, अन्य प्राप्ती रु ३,९६,७८,६३५.२५ र गत बर्षको ट्रान्सफर गर्ने रकम जिम्मेवारी सारेको रकम रू ९,६७,०३,७२३.७८ गरी रू ५०,०६,१४,३२०.९ प्राप्ती भएकोम चालु तर्फ रु. २१,६६,५९,२२६.२ तथा अन्यकोष तर्फको भुक्तानी रु. १,९५,२४,१७१.८ र पूँजिगत तर्फ रु. १६,७७,२६,६३९ समेत रु. ४०,३९,१०,०३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९३,२०,५०० खर्च भएको छ जुन आन्तरिक आयको ५८.११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान ,आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ४३.२८ प्रतिशत चालु र ३३.५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ५ नियन्त्रण वातावरण -

५.१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन -

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको नगरेको,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन नगरेको,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार नगरेको,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण नगरेको,
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरेको,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख नराखेको,

- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको नराखेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **स्थानीय तहको लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको , त्रैमासिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन नदिएको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।

६ **लक्ष्य प्रगति -**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुलकार्यक्रम** | **वार्षिकप्रगतिस्थिति** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **शून्यप्रगति** | **१-२५%सम्मप्रगति** | **२५-५०% सम्मप्रगति** | **५०-७५% सम्मप्रगति** | **७५-१००% सम्मप्रगति** | **कुलखर्च** |
| **२२५२२** | ३४ | १२ | ० | १ | १ | २० | ७४२५१४० |
| **३११००** | ८६ | २८ | १ | ३ | ४ | ५० | ५०१३४५०४ |
| **जम्मा** | १२० | ४० | १ | ४ | ५ | ७० | ५७५५९६४४ |

- १२० कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ४० वटा लगायत ७५ प्रतिशत भन्दा वढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ७० वटा रहेकोछ ।
- शुन्य प्रगती हासिल हुनको कारण वजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा वजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ४० वटा शुन्य प्रगति भएको देखिन्छ ।
- १२० आयोजना मध्ये ८० योजना तथा कार्यक्रममा रु.५,७५,५९,६४४ खर्च गरेको छ ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न प्राथमिकता प्राप्त योजना मागमा आधरित रहेर छनौट गरी कार्यान्वयनमा ल्याई सत प्रतिशत लक्ष्य प्राप्ति तर्फ ध्यान दिनुपर्छ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेखछ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | १००२८७५०. | ८७५४३३९. | ८७.२९ |
| २ | सामाजिकविकास | १५८०२४००३. | १४२२९०५६२.३ | ९०.०४ |
| ३ | पूर्वाधारविकास | २३०८५४२४७. | १५७३६६५६६. | ६८.१७ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २०५५९०००. | ८९७६८१८. | ४३.६६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ८१५५४०००. | ६६९९७५७९.९४ | ८२.१५ |
| | कुल जम्मा | ५०१०२००००. | ३८४३८५८६५.२४ | ७६.७२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रु. ५०१०२०००० मा सबैभन्दा बढी खर्चको अंश सामजिक विकासमा ९०.०४ प्रतिशत र सुशासन र अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ४३.६६ प्रतिशत रहेको छ। आर्थिक विकास तथा पुर्वाधारको क्षेत्रमा लगानी वढाई स्थानीय रोजगार तथा आय आर्जनमा ध्यान दिनुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्रैमासिक प्रगति

विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुलखर्च रु | त्रैमासिक खर्च रु | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १६७७२६६३९ | ६५४२२२० | ३८७६४८९४ | १७०३५४२९ | १०५३८४०९६ | ७००१५९४७ |
| प्रतिशत | | ३.९० | २३.११ | १०.१६ | ६२.८३ | ४१.७४ |

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रु. १६७७२६६३९ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ६५४२२२० (३.९० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३८७६४८९४ (२३.११ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १७०३५४२९ (१०.१६ प्रतिशत) र चौथो त्रैमासिक रु. १०५३८४०९६ (६२.८३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७००१५९४७ (४१.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **वार्षिक खरिद योजना/गुरुयोजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६,७७,२६,६३९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **योजना तर्जुमा तथा कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । १ लाख भन्दा कमका ५ योजना कार्यान्वयन गरेर रु ४२७७५३ र १ लाख भन्दा वढी ५ लाख भन्दा कमका ६५ आयोजना कार्यान्वयन गरी रु २०७६९१३५ खर्च गरेकोछ भने जसमध्ये ५ लाख भन्दा कम रकमका संघीय सरकार ससर्त पुँजीगत तर्फ ३ योजनामा रु १०४५१०७ र प्रदेश सरका

पुजीगत ससर्त अनुदानबाट २ योजनाको लागि रु ५८०२२५९ खर्च गरेकोछ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष निर्माण कार्यका योजनाहरु देहायअनुसार छन् -

| विवरण | योजना संख्या | रु |
|---|---|---|
| ० | ६४ | ० |
| १ लाख भन्दा कम | ५ | ४२७७५३ |
| १ देखि ५ लाख भन्दा कम | ६५ | २०७६९१३५ |
| ५ देखि १० लाख भन्दा कम | ३६ | २८३५६५५७ |
| १० देखि २० लाख भन्दा कम | ९ | १३७५१८२६ |
| २० देखि ५० लाख भन्दा कम | ५ | १३७४१९१८ |
| ५० लाख देखि माथी | ८ | ९०६७९४५० |
| जम्मा | १९२ | १६७७२६६३९ |

१२ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१४ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको

अनुमानमा आन्तरिक आयतर्फ राजश्व शिर्षक ११००० देखि १४००० सम्मका मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७२,६५,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १०,२१,१९,९०४.१० अर्थात अनुमान भन्दा १३०५.६५ प्रतिशत वढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१५ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७३९३९३८८ | ५४१६१८०.३२ | ७.३२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.३२ प्रतिशत रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्दै लानु पर्छ ।

१६ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००० | ० | ० |
| भुमिकर/ मालपोत कर | ५००००० | ९०,९७४ | १८.१९ |
| घरजग्गा वहाल कर | ५००००० | ९३७२८७.१० | १८७.४५ |
| व्यवसाय कर | १००००० | ० | ० |
| वहाल विरौटी शुल्क | २५००००. | ० | ० |
| जम्मा | १८५०००० | १०२८२६१.१० | ५५.५८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयले यस वर्ष जम्मा रू ५४१६१८०.३२ राजस्व आम्दानी गरेकोमा राखनु पर्ने मलेप फारम नं. र अभिलेख नराखेको तथा प्राप्त हुनु पर्ने आम्दानी र प्राप्त भएको आम्दानी सम्बन्धमा परिक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनु पर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिएन। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

१८ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत लाग्ने कर सङ्कलन गरेको छैन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१९ **वडा तर्फको नगदी रसिद आय -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २७(१) मा प्रचलित कानुन अनुसार प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिएको ढाँचामा राजश्वको लेखा राखि बैक दाखिला गर्नुपर्ने उल्लेखछ । सात वटा वडा मध्ये १, २ र ६ को श्रेस्ता पेश नभएकोले छानविन गरी एकिन गर्नु पर्ने देखिन्छ । वडा नं ७ को जम्मा मालपोत रु.१००५६५ र नगदी रु.९६९९३ गरी रु १९७५५८।०० असुल गर्नु पर्नेमा रु.१६६२०० दाखिला गरेकोले बाँकी दाखिला गर्नु पर्ने रकम रू. ३१३५८ मध्ये १५००० मिति २०७९ पुसस ४ गते (१९ डिसेम्बर २०२२) बैक स्टेमेन्टमा दाखिला भएको प्रमाण र १६३८० मिति २०८०/१०/१८ मा राजश्व शिर्षक नं. ११३१४ मा दाखिलाको प्रमाण पेश भएको छ। तोकिएको ढाँचामा लेखा राखि समय मै राजश्व बैक दाखिला गर्नुपर्दछ ।

२० **पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको पेश्कीको विवरण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार म्याद नाघेको रू. ५,००,००० पेश्की बाँकी देखिएको हुँदा नियमावलीको व्यवस्था बमोजिम असुल तथा फछ्र्यौट हुनु पर्ने रू

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पद | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| पदाधिकारी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०७/०२/२०७९ | १५६ | सरसफाई कार्यक्रम | बृजकिशोर कुशवाहा | वडा अध्यक्ष | १००००० |
| कर्मचारी | | | | | |
| ०८/१८/२०७९ | २८८ | वडा कार्यालय संचालन र व्यवस्थापन खर्च (मसलन्द तथा कार्यालय सामाग्री) | राजवन्सी प्रसाद यादव | सहायक चौथौ | ३५००० |
| व्यक्तिगत | | | | | |
| ०८/२९/२०७९ | ३१४ | छठ घाट व्यवस्थापन तथा सजावट | राजवन्सी प्रसाद यादव | | २७५००० |
| ०८/२९/२०७९ | ३१४ | रक्तदान कार्यक्रम वडा नं.३ | राजवन्सी प्रसाद यादव | | ८०००० |
| ०२/२१/२०८० | १०३५ | ३धकरार सेवा शुल्क | राजेश राउत | | १०००० |
| जम्मा | | | | | ५००००० |

| | |
|---|---|
| पेश्की | ५,००,००० |

२१ **चालु कार्यक्रम तर्फ -**

२१.१ **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ कारोवारको लेखा राख्दा प्रमाणित विल भरपाई समेतको लेखा राख्नुपर्ने र भुक्तानी दिदा रित पुगे नपुगेको परीक्षण गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं.४७ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष विविध खर्च बापत रु.१४३८५२० खर्च गरेको छ। विविध तथा अतिथि सत्कार खर्चमा विभिन्न होटलका बिल पेश गरेको आधारमा भुक्तानी दिएको देखिन्छ। विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च लेखि खर्चमा मितव्ययिता कायम गर्ने तथा खर्चमा नियन्त्रण गर्ने तर्फ जोड दिनुपर्दछ।

२१.२ **मानव सेवा आश्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको लेखा राख्दा खर्च पुष्ट्याई हुने विल भरपाई समेतको लेखा राख्नुपर्ने तथा भुक्तानी दिदा रित पुगेको एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले मानव सेवा आश्रम पर्सालाई भवन निर्माणको लागि रु.५००००० निकासा दिएको छ। मानव सेवा आश्रमले उक्त रकमबाट भवन निर्माण गरेको प्रमाणित श्रेस्ता पेश गरेको छैन। भवन निर्माण कार्यसँग सम्बन्धित श्रेस्ता तथा प्रमाणित विल भरपाई पेश गर्नुपर्ने अन्यथा रकम फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

२१.३ **बिद्युत महसुलमा जरिवना -** सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को नियम १५ मा कुनैपनि निकायले पानी विजुली लगायतको महसुल समयमा भुक्तानी दिनुपर्ने र महसुलमा विलम्व जरिमान भुक्तानी गर्न नमिल्ने

व्यवस्था छ। पालिकाले विद्युत प्राधिकरणलाई वुझाउनुपर्ने महसुल समयमा भुक्तानी नदिदा जरिमाना समेत कुल रकम रु.५६७०५८भुक्तानी दिएको छ। जसमध्ये रु.१०९०८८ जरिमाना वापत भुक्तानी दिएको पाईयो। समयमा विल भुक्तानी नदिदा सरकारलाई थप व्यय भार पारेको रु–.

| भौचर मिति | भुक्तानी रकम | जरिवना |
|---|---|---|
| ५१६-०७९।१२।१२ | ३८२४५२ | ७६४९० |
| ५२८-०७९।१०।१८ | ९०९७९ | १४४८९ |
| ९२९-०८०।२।१ | ९३६२७ | १८१०९ |
| जम्मा | ५६७०५८ | १०९०८८ |

| | |
|---|---|
| अनियमित भएको | १,०९,०८८ |

२१.४ **पेश्कीलाई खर्च लेखेको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ मा कुनै कामको लागि पेश्की दिदा पेश्की अभिलेख राखि पेश्की निकासा दिने र उक्त कार्य सम्पन्न भएपश्चात कामको विल भरपाई पेश गरी पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा अध्यक्ष बृज किशोर कुशवाहाले संसारिमाई मेला व्यवस्थापनकोलागि पेश्की माग गरेकोमा पेश्की अभिलेख राखि पेश्की भुक्तान दिनुपर्नेमा बजेट खर्च उल्लेख गरी रु.१२०००० भुक्तानी दिएको छ । खर्च गरेको प्रमाणित श्रेस्ता विना बजेट खर्च उल्लेख गरी दिएको भुक्तानीको प्रमाणित श्रेस्ता विल भरपाइ पेश गर्नुपर्ने अन्यथा रकम फिर्ता गर्नुपर्ने रु–.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

२१.५ **जिन्सी निरिक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ।

२१.६ **पुजा कार्यक्रममा नगद भुक्तनी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा बीस हजार रुपैया भन्दा बढीको खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको फर्म तथा संस्थाबाट खरिद गर्नुपर्ने तथा नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य

रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस विभिन्न वडाहरुमा चाड पर्व, पुजा मनाउने लगायत देहायका कार्यक्रमको लागि निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीलाई सोझै नगद भुक्तानी दिने र निजले पेश गरेको विभिन्न पुजा पसल, टेन्ट हाउस तथा विभिन्न व्यक्तिले साझा पेपरमा रकम वुझेको भरपाइ पेश गरेको आधारमा हिसाव फरफारक गर्ने गरेको पाईयो। अधिकांश विल भरपाई रु.२० हजार भन्दा कमका टुक्रा पान विल पेश गर्ने खर्चको यथार्थता पुष्टयाई नगरी खर्च गर्ने गरेको पाइयो। खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार रु.२० हजार भन्दा बढीको भुक्तानीमा अनिवार्य मुल्य अभिवृद्धि करमा दर्ता भएको संस्थाबाट खरिद गर्ने, रु.१ लाख भन्दा बढीको खरिदमा खरिद प्रकृया परिपालना गरेर खरिद कार्य गर्ने र सम्बन्धितलाई बैंकिङ्ग प्रणालीबाट मात्र भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्ने तथा पालिकाले आयोजना छनौट गर्दा उच्चतम प्रतिफल प्राप्त हुने आयोजनामा बजेट विनियोजन गरी अनुत्पादक तथा वितरणमुखि कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| विभिन्न भौचर | विभिन्न ३२ भौचरबाट छट पुजा व्यवस्थापन, दुर्गा पुजा व्यवस्थापन, लगायतको कार्यमा विभिन्न व्यक्तिलाई रु.५००० देखि रु.१५००० सम्म नगदमै भुक्तानी दिएको | संस्कृति जगेर्ना खर्च | ४९९५०० |
| ११८-०७९।६।३१ | म आलम अंसारी वडा नं ५ | दुर्गा पुजा व्यवस्थापन खर्च | १२५००० |
| १५८-०७९।७।२ | लाल बाबु पंडित कुम्हाल | वडा नं ७ मा दुर्गा पुजा | |
| १८३-०७९।७.६ | अमित कुमार दुलाल | वडा नं २ मा दुर्गा पुजा खर्च | ३००००० |
| १९०-०७९।७।६ | बृजकिशोर कुशवाहा | वडा नं ६ मा स्वास्थ्य भवन उद्धाटन | १३५००० |
| २०६-०७९।७।१७ | बृजकिशोर कुशवाहा | सांसारीमाई मेला व्यवस्थापन खर्च | ७७५०० |
| २०७-०७९।७।१८ | हिरदय साह तेली | छट पुजा व्यवस्थापन | २३०००० |
| २०८-०७९।७।१८ | संजय विक्रम शाह | महाविर मेला व्यवस्थापन | ४४६५२५ |
| २०९-०७९।७।१८ | याकुर अंसारी | दुर्गा पुजा तथा छट पुजा व्यवस्थापन | ३४६००० |
| २४२-०७९।७।२७ | प्रभाकर सिंखडा | पुजा व्यवस्थापन खर्च | ५४००० |
| २४३-०७९।७।२७ | संजय विक्रम शाह | छट पुजा व्यवस्थापन वडा नं १ | २५०००० |
| २४५-०७९।८।६ | राजवन्सी प्रसाद यादव | महाविर झण्डा मेला व्यवस्थापन खर्च | ४९३७२५ |
| २५२-०७९।८।९ | म आलम अन्सारी | छटिमाई पुजा व्यवस्थापन खर्च | ७५००० |
| २५३-०७९।८।९ | छटघाट व्यवस्थापन समिति वडा नं ६ | छट व्यवस्थापन खर्च | २८०००० |
| २७७-०७९।८।१४ | राजवंशि प्रसाद यादव | छट व्यवस्थापन खर्च | २९८७३७ |
| २९४-०७९।८।२३ | बृजकिशोर कुशवाहा | रक्तदान कार्यक्रम | ९७२४९ |
| ३७१-०७९।९।११ | ईसलाम मियाँ | छट मेला व्यवस्थापन | ११८५०० |
| ३७१-०७९।९।११ | ईसलाम मियाँ | छट मेला व्यवस्थापन | ११८५०० |

| | | | |
|---|---|---|---|
| ७९४-०७९।१२।१७ | विष्णु महायज्ञ | महा यज्ञमा भएको पुजा सामग्री तथा पण्डालको खर्च भुक्तानी | ३४६७४४ |
| ८९२-०८०।१।२६ | विष्णु महायज्ञ | महायज्ञ खर्च | २५३२५६ |
| ८६१-०८०।१।४ | राजवन्सी प्रसाद यादव | छट पुजा व्यवस्थापन | ४५४२५ |
| | | | ३९६६१६१ |

२१.७ **बितरणमुखि खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिरक, कम्बल ह्याण्ड पम्प, साडि, व्याग झुल लगायतका सामग्री सोझै खरिद गरी रु.१९७८०८६ भुक्तानी दिएको छ। खरिद गरेको सामग्री वितरण गर्दा सम्बन्धितको सम्पर्क नम्बर तथा परिचय पत्र नम्बर उल्लेख गरेको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई भने नियन्त्रण गरी उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| भौचर मिति | विवरण | सप्लायर्स | परिमाण | रकम |
|---|---|---|---|---|
| २६३-०७९।८।१३ | दलित महिला साडि | शाह ट्रेड एण्ड सप्लायर्स | ४३४ | ४९११०० |
| ४१३-०७९।९।१७ | दलित महिला साडि | शाह ट्रेड एण्ड सप्लायर्स | २४५ | २८८४५२ |
| ५३३-०७९।१०।२० | वडा नं १ मा वलाङ्केट | आर एण्ड रेडिमेड | १७५ | ४९९९२९ |
| ५३५-०७९।१०।२० | वडा नं १ ज्ञान ज्योति आदर्श प्रा वि मा झोला तथा स्वीटर | | व्याग ३३५ स्वीटर ३४० | ३९९०८७ |
| ६४२-०७९।११।१९ | वडा नं ४ मा वृद्धहरुलाई सल तथा झुल वितरण | | | २९९५१८ |
| | जम्मा | | | १९७८०८६ |

२१.८ **व्यक्तिलाई भुक्तानी -** नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न तालिम कार्यक्रमकोलागि सुरेन्द्र प्रसाद साहलाई नगदमा

रु.३००००० भुक्तानी दिएको छ। कर्मचारीलाई नगद भुक्तानी दिई कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गरी खर्चसंग सम्बन्धितलाई बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| भौचर मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ११६५-०८०।३।१८ | सरसफाई तथा जनचेतना कार्यक्रम | सुरेन्द्र प्रसाद साह | १००००० |
| ११६६-०८०।३।१८ | महिला हिंसा सम्बन्धी जनचेतना कार्यक्रम | सुरेन्द्र प्रसाद साह | १००००० |
| ११६७-०८०।३।१८ | अन्तर विद्यालय विद्यार्थी अन्तर्क्रिया कार्यक्रम | सुरेन्द्र प्रसाद साह | १००००० |

२१.९ **फरक शिर्षकमा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको खर्च एकिन गरेरमात्र बजेटको सिमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले कार्यक्रम संशोधन नगरी निम्नानुसार बजेट फरक शिर्षकमा खर्च गरी भुक्तानी दिएको छ। कार्यक्रम संशोधन विना स्वीकृत कार्यक्रम बेगर फरक शिर्षकमा खर्च गरेको अनियमित देखिएको रु..

| भौचर मिति | बजेट स्वीकृत आयोजना | भुक्तानी भएको आयोजना | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५७-०७९।७।२ | बाल बिकास सहजकर्ता तलव न्यूनतम थप रकम | वडा कार्यालयमा दैनिक ज्यालादारी कर्मचारिको तलव भुक्तानी | १० जना ज्यालादारी कर्मचारी | २०४१०० | डोर हाजिर तथा कार्यको विवरण समेत नरहेको। |

| | |
|---|---|
| अनियमित भएको | २,०४,१०० |

२२ **गाउँपालिका चालु कार्यक्रम तर्फ -**

२२.१ **कार्यालय सञ्चालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम १९ मा बीस हजार रुपैया सम्मको सामग्री खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थातथा फर्मबाट खरिद गर्न सकिने तर सो भन्दा बढीको खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको फर्म तथा संस्थाबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले मसलन्द तथा कार्यालय संचालन सम्बन्धी सामग्री खरिद गरी विभिन्न आपूर्तिकर्तालाई रु.३०००००० भुक्तानी दिएको छ। कतिपय मसलन्द सामग्री खरिद गर्दा सोझै कर्मचारीलाई नगद भुक्तानी दिएर समेत खरिद कार्य गर्ने गरेको पाईयो। पालिकाले

आवश्यक पर्ने कार्यालय सञ्चालन तथा मसलन्द सामग्रीको खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था पुर्ण पालना गरेर मात्र खरिद प्रक्रिया पुरा गरी खरिद गर्नु पर्दछ ।

२२.२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी पटके निर्णयका आधारमा विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायताको रुपमा अन्य सामाजिक सहायताबाट रु.५००००० र विविध कार्यक्रम खर्चबाट रु.४९१७२५, स्वास्थ्य उपचार कोष बाट रु.३९०००० समेत रु.१३८१७२५ आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२.३ **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन वापत रु.१८ लाख ४ हजार खर्च लेखेको छ। उक्त खर्च लेख्दा सम्बन्धित कर्मचारी भ्रमण तथा अनुगमन जानुपर्ने औचित्यता तथा भ्रमण पश्चात अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन । भ्रमण तथा अनुगमन भत्ता भुक्तानी दिदा भ्रमण प्रतिवेदन समावेस गरेरमात्र खर्च भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२२.४ **तलवी प्रतिवेदन-**निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीको रु.१३३१२००३ लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२.५ **इन्धन खर्च -** प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम इन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारिसाधन मेसिन प्रयोगको लगवुक राख्ने व्यवस्था छ। पालिकाले सवारी साधन संचालनको लकवुक राखेको देखिदैन। कार्यालयले पेश गरेको इन्धन खर्चको विवरण अनुसार इन्धन खरिदबापत रु.३३२०९३६ भुक्तानी दिएको छ। कार्यालयमा १ थान चार पाँग्रे सवारी साधन, १ थान ट्याक्टर, १ थान एम्वुलेन्स र २४ थान मोटर साइकल संचालनमा रहेको पाईयो। सवारी साधनको संख्या र स्वीकृत मापदण्डलाई आधार बनाई खरिद गरेको इन्धन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गर्ने र मापदण्ड भित्र रहेर इन्धनखर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२२.६ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकामा

पालिका तर्फ २३ जना स्थायी, ३ जना अस्थायी, ३६ जना करार, ५ जना मासिक ज्यालादारी र १३ जना दैनिक ज्यालादारी समेत ८० जना कर्मचारी कार्यरत रहेको छ। पालिकाले प्राविधिक तथा अन्य कर्मचारी समेत ५७ जना करारमा राखि ८९ लाख ९९ हजार तलव भत्ता भुक्तानी दिएको देखियो। पालिकाले कार्यवोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा कानून बमोजिम पारदर्शी हिसावले कर्मचारी नियुक्ति गरेरमात्र खर्च लेख्नुपर्नेमा दरवन्दी स्वीकृत नगरी ज्यालादारी, करार कर्मचारी भर्ना गरी तलव भुक्तानी दिएको अनियमित देखिन्छ। स्वीकृत दरवन्दि अनुसार स्थायी कर्मचारी माग गर्ने र आवश्यकता बेगर करारमा कर्मचारी भर्ना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२२.७ **मर्मत सम्भार -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्नेतथा प्रतिस्पर्धाको आधारमा मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी संचालन तथा संरक्षण गर्ने उदेश्यले म.ले.प.फा.नं ४१४ र ४१५ अनुसारको ढाँचामा मर्मत सम्भार अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न सामानको मर्मत खर्च वापत रु.२५९५३२४ भुक्तानी छ। पालिकाले मर्मतको टुक्रा बिल पेश गरेको , मर्मत गर्दा कर्मचारी मार्फत भुक्तानी दिएको, मर्मत आदेश स्वीकृत नगरेको मर्मत अभिलेख अद्यावधिक नगरी मर्मत खर्च लेखेको छ । रु.१ लाख भन्दा बढीको मर्मत कार्यमा समेत प्रतिस्पर्धा विना सोझै मर्मत कार्य गराई भुक्तानी दिएको छ। नियम अनुसार मर्मत अभिलेख अद्यावधिक गरी कानुनको प्रक्रिया पुरा गरी प्रतिस्पर्धाका आधारमा मर्मत गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। कार्यालयमा २ थान एम्वुलेन्स, १ थान स्कोर्पियो, १ थान ट्याक्टर र २४ थान मोटरसाईकल र १ थान एम्वुलेन्समात्र संचालनमा रहेको छ। पालिकामा उपलव्ध सवारी साधनको तुलनामा मर्मतको लागि भएको मर्मत खर्च रु.२५९५३२४ नियमसम्मत र मितव्ययि छ भन्न सक्ने आधार भएन। खरिद ऐनको पालना गर्ने र मर्मत आदेश स्वीकृत गरी मर्मत सम्भार अभिलेख खाता तयार गरी खर्चमा मितव्ययिता कायम गरी मर्मत खर्च गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

२२.८ **जनप्रतिनिधिलाई पेश्की -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की दिन सकिने व्यवस्था गरेको छ । नियमावलीको नियम ५० मा मालसामान खरिद, सेवा उपलब्ध गराउन वा निर्माण कार्य गर्न सरकारी कर्मचारीलाइ पेश्की दिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकामा निर्वाचित भएका जनप्रतिनिधिले नीति, नियम, कार्यक्रम तथा कार्याविधि बनाई लागु गर्नुपर्नेमा जनप्रतिनिधिले नै पेश्की लिइ मालसामान खरिद गर्ने, निर्माण कार्य गराउने गरेको पाइयो । यसरी नियमावली विपरित जनप्रतिनीधिले पेश्की लिएको नियम सम्मत मान्न सकिएन । यस्ता कार्यमा गाउँपालिकाले नियन्त्रण गर्नुपर्दछ । जनप्रतिनिधिले पेश्की लिएको केहि उदाहरण निम्नानुसार छन -

| भौचर मिति | पेश्की पाउने | कार्य विवरण | पेश्की रकम |
|---|---|---|---|
| ५२-०७९।६।१३ | वडा अध्यक्ष याकुव अंसारी | चाड पर्व व्यवस्थापन | १८०००० |
| ७२-०७९।६।१४ | वडा अध्यक्ष बृज किशोर कुशवाहा | संसारिमाइ मेला व्यवस्थापन | १२०००० |
| १५६-०७९।७।२ | वडा अध्यक्ष श्री बृजकिशोर कुशवाहा | सरसफाइ र रक्तदान कार्यक्रम | १६०००० |
| १७०-०७९।७।२ | वडा अध्यक्ष हिरदय कुमार साह तेलि | छट पर्व व्यवस्थापन | १४०००० |

२३ **गाउँपालिका चालु कार्यक्रम -**

२३.१ **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो कार्य गराउँदा लागत अनुमान बमोजिम नै सम्झौता गरी रु.१५३०४९० खर्च गरेको छ । जसबाट लागत अनुमान भरपर्दो थियो र खरिद कार्य प्रतिस्पर्धि भयो भन्न सक्ने आधार भएन। अध्ययन प्रतिवेदन तयार भएकासवै आयोजनाहरु कार्यान्वयन गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। साथै तयार गरेको प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालिमा दाखिला गर्नुपर्दछ। आगामि दिनमा पालिकाले परामर्श सेवा खरिद गर्दा स्वीकृत नम्सको प्रयोग गरेर लागत अनुमान स्वीकृत गर्ने तथा खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउने र ऐनको व्यवस्था अनुसार बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन बनाउने तर्फ ध्यान दिनुपर्दछ।

| भौचर मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ७५४-०७९।१२।१४ | सडकको डिपिआर | इको टेक सिभिल कन्सल्टेन्सी | ४६२३९६ | दाखिलागर्ने |
| ७३७-०७९।१२।७ | खेल मैदान निर्माणको डिपिआर | दि अशोका एण्ड कम्पनी | १०६८०९४ | दाखिला गर्ने |
| | जम्मा | | १५३०४९० | |

२३.२ **गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम

तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता कतिपय संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । महिला सशक्तिकरण, क्षमता विकास, कर्मचारी क्षमता विकास, पुर्न ताजकिकरण जस्ता कतिपय तालिम कार्यक्रम बर्षमा पटक पटक संचालन गरेको देखियो। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर गैह्र सरकारी संस्थाबाट कार्य गराई भुक्तानी गरेको पाईयो । ऐन तथा नियमको व्यवस्था अनुसार खरिद कार्य गर्ने र सोको प्रगति तयार गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। यस बर्ष संचालित कार्यक्रमका केहि उदाहरण निम्नानुसार छन्

| भौचर मिति | विवरण | तालिम प्रदायक संस्था | भुक्तानी रकम |
|---|---|---|---|
| ११८८-०८०/०३/२० | व्यूटिसियन तालिम | समृद्ध मधेश परामर्श तथा तालिम केन्द्र प्रा.लि | ३९९८८४ |
| ११८९-०८०/०३/२० | सिलाई कटाई तालिम | समृद्ध मधेश परामर्श तथा तालिम केन्द्र प्रा.लि | ४८५०५२ |
| ११९०-०८०/०३/२० | सिलाई कटाई तालिम | शिक्षित प्रदेश परामर्श तथा तालिम केन्द्र प्रा.लि | २९०४१० |
| ११६३- ०८०/०३/१८ | व्यूटिसियन तालिम | समृद्ध मधेश परामर्श तथा तालिम केन्द्र प्रा.लि | २८९८४५ |
| ११६४- ०८०/०३/१८ | शैक्षिक अध्यायन तालिम | ग्रामिण विकास अभियान केन्द्र बारा | १९०१५८ |
| ११९१-०८०।३।२० | लोकसेवा कक्षा संचालन | राष्ट्रिय जनचेतना विकास केन्द्र | ५९१७१९ |
| ११९३-०८०।३।२१ | सिलाई कटाई तालिम | बौद्धीमाई डेभलपमेन्ट स्किल सेन्टर प्रा.ली | ३९३८०५ |
| ७१८- ०७९/१२/०१ | लोकसेवा कक्षा संचालन | सक्सेस स्किल डेभेलोपमेन्ट फर्म | ४८५००० |
| १२१३-०८०।३।२२ | कृषि विषादी रहित तालिम | तराई डेभलपमेन्ट फाउण्डेसन | ३९९०७४ |
| १२१४-०८०।३।२२ | सिलाई कटाई तालिम | मानव तथा वातावरण विकास नेपाल | ४९५००० |
| | जम्मा | | ४०१९९४७ |

२३.३ **प्राङघारिक मल -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।प्रसौनी गाउपालिकाको वार्षिक कार्यक्रममा

कृषकलाई ८५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण गर्ने गरी वजेट स्वीकृत भएको छ। पालिकाले १५ प्रतिशत अनुदानमा मल वितरणको लागि सनराइज एग्रो फर्मबाट १६६६६ के जी प्राङ्गारिक मल खरिद गरी रु.४९९९८० भुक्तानी दिएको छ। १५ प्रतिशत अनुदान रकम रु.७४९९७ कृषकबाट लागत साझेदारि गर्नुपर्नेमा शत प्रतिशत रकम पालिकाले दिएको पाईयो । कृषकले लागत साझेदारी गर्नुपर्ने रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,९९७ |

२४ **प्रशासनिक भवन -**

**✂.....प्रारम्भिक प्रतिवेदन उपर असुल प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ को निर्णय अनुसार रु. ५८,२१७.६ को सम्परीक्षण गरिएको।**

२५ **विद्यालय कक्षा कोठा अनुदान -**

कार्यक्रम कार्यन्वयन पुस्तिकामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई ४ कोठे र २ कोठे भवन निर्माण गर्नका लागि अनुदान उपलव्ध गराउने व्यवस्था छ। गाउँपालिकाले श्री वेगां साह माध्यमिक विद्यालय प्रसौनीलाई अनुदान रू. ४५००००० उपलव्ध गराएकोमा लेखापरीक्षण हुने समयसम्म कार्यसम्पन्न नभएकोले अनुदान अनुसार काम भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा अनुदान फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

२६ **पंखा खरिद -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। विद्यालयहरूमा पंखा जडान गर्नका लागी २७८ थान पंखा प्रति थान २२०८ का दरले ६१३८२४ (मु.अ.कर बाहेक) र १ एम.एम.को तार ४ क्वाइल रु १४११ कार दरले ५६४४ (मु.अ.कर बाहेक) खरिद गरेको देखिन्छ। पालिकाले मस्यौदा छलफल पश्चात देहाय अनुसारको विद्यालयलाई ९९ थान पंखा विवरण गरेको भरपाई पेश गरेको छ। पंखा २७८ थान खरिद गरेकोमा ९९ थानको मात्र भरपाई पेश भएको र बाँकी रहेको १७९ थान पंखाको रू २२०८ का दरले हुने रू ३९५२३२ (मु.अ.कर बाहेक) र तार रू ५६४४ (मु.अ.कर बाहेक) सहित रू ४००८७६ को १३ प्रतिशतले हुने रकम रू ४५२९८९.८८ वितरण भएको प्रमाण पेश गर्नु पर्ने रू

| पत्र च.नं. र मिति | विद्यालयको नाम | पंखा संख्या |
|---|---|---|
| ९-२०८०/५/७ | श्री ज्ञान ज्योति आदर्श प्राथमिक विद्यालय | २२ |
| ९-२०८०/११/१९ | श्री नेपाल राष्ट्रिय विद्यालय, प्रस्टोका-५ | ३० |
| १२३-२०८०/११/१८ | श्री बेगा साह माध्यमिक विद्यालय | २० |
| १९-२०८०/११/१८ | श्री उतिम नव आदर्श प्राथमिक विद्यालय | ७ |

| | | |
|---|---|---|
| ५६-२०८०/६/२५ | श्री नेपाल राष्ट्रिय विद्यालय, बेलिहिया | १४ |
| १२-२०८०/५/१० | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय खुटवा जब्दी | ६ |
| जम्मा | | ९९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५२,९८९.८८ |

२७ **मोबाइल खरिद कार्य -**

मधेश प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दाफा ३ मा स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनित भएको मिति देखि अनुसूची-१ बमोजिम सुविधा तथा भत्ता पाउने व्यवस्था छ। वडा नं. ५ का वडा अध्यक्ष श्री सन्तोष कुमार साहले Vivo Y ३५ ८ GB/१२८ GB मोबाइल रू ३१५०० को १ थान बुझेको देखिन्छ। यसरी अनुसूची-१ मा तोकेको सुविधा तथा भत्ता विपरित लिएको मोबाइल नियमसँग नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ३१,५०० |

२८ **अधुरो निर्माण कार्य -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ (२क) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत कार्य प्रगति भएको र आयोजनाको उदेश्य अनुरुप आयोजना संचालन हुन सक्ने भएमा आयोजनाको कार्य स्वीकार प्रतिवेदन जारी गर्न सकिने व्यवस्था छ। पोखरी निर रहेको मठमा कोठा निर्माण कार्यको लागी लागत अनुमान रू ४,३१,०३४ (मुअकर र कन्टेनजेन्सी बाहेक) रहेकोमा सबैभन्दा घटी कबोल गर्ने पुजा एण्ड आर्ती कन्ट्रकस्न सगँ रू ४,२८,०७२ (मुअकर बाहेक) मा सम्झौता गरेको छ। उक्त कामको पलास्टर, पनिङ्ग, पेनटिङ्ग र फलामको ढोका र झ्याल कार्य नगरी निर्माण सम्पन्न गरी रू ३,७८,१२३ (मुअकरबाहेक) भुक्तानी भएको देखिन्छ । यसरी अधुरो निर्माण कार्य गरी भुक्तानी भएको रकम नियमसगत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ३,७८,१२३ |

२९ **चापाकल वितरण नभएको -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। गो.भौ.नं. १४४-२०८०/३/२२ बाट वडा नं. ६ का लागी १८ वटा प्रति एकाई मुल्य ४७३० का दरले रकम रू ९६,२०८.२० मुअकर सहित चपाकल खरिद गरेको देखिन्छ। चपाकल १८ वटा खरिद गरी वडा अध्यक्ष श्री वृजकिशोर कुशवाहालाई बुझाएको छ। उक्त चपाकल जडान भएको र वितरण गरेको देखिएन। चपाकल जडान वितरण भएको प्रमाण र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,२०८.२ |

३० **चापाकल -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन २३२ थान चापाकल हेड र ६०७५ RM HDPE Pipe ५० mm PN १० खरिद गरेकोमा वडा नं. १,५ र ६ मा चापाकल हेड ६० वटा र २९१७.६८ RM पाइप वितरणको भरपाई पेस भएको र बाकी रहेको १७२ थान चापाकल हेड र ३१५७.३२ RM पाईप विवरण भएको देखिएन। चापाकल आवश्यक पर्ने परिवारको पहिचान नभएको तथा खरिद चापाकलको हाल सम्म वितरण नभएले GPS locate गरी कार्यलयले गरेको कामको प्रमाण खुल्ने गरी वितरण भएको प्रमाण र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रू

| | खरिद | प्रयोग भएका वडा १,५ र ६ | वाकी | प्रति दर | रकम (मुअकर सहित) |
|---|---|---|---|---|---|
| चापाकल हेड | २३२ वटा | ६० वटा | १७२ वटा | ४७७० | ९२७०९७.२० |
| HDPE Pipe ५० mm PN १० | ६०७५ RM | २९१७.६८ RM | ३१५७.३२ RM | १४८ | ४६७२८३.३६ |
| जम्मा | | | | | १३९४३८०.५६ |

| प्रमाण पेश नगरेको | १३,९४,३८०.५६ |
|---|---|

३१ **नेपाल विद्युत प्राधिकरण -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ।गाउँपालिकाको विभिन्न ठाउँमा पोलसार्नका लागि नेपाल विद्युत प्राधिकरणलाई रू १,०९,३९७ भुक्तानी गरेको देखिन्छ। पोल सार्न लाग्ने वास्तविक नापजाँच गरी वास्तविक विल अनुसार लाग्ने रकम यकिन गरी मात्र भुक्तानी गर्नु पर्छ। पोलसार्न लाग्ने वास्तविक रकमको विलको प्रमाण पेश हुनु पर्ने रू

| प्रमाण पेश नगरेको | १,०९,३९७ |
|---|---|

३२ **समपुरक अनुदान**

**.....प्रारम्भिक प्रतिवेदन उपर संचित कोष फिर्ताको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णय अनुसार रु.५०५,३१७ को सम्परीक्षण गरिएको।**

३३ **१५ शैया अस्पताल -**

बढी भुक्तानीः सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने उल्लेखछ। ईटाकाम १ - ६ नापी गर्दा डिपिआर अनुसार कोलम टाईविममा ३.४५ को हिसावमा दिन पर्नेमा ३.८५ ले र ईटाको अन्यकाममा ०.७५ दिनुपर्नेमा १.१ का आधारमा

भुक्तानी दिदा निम्नानुसारको परिमाण फरक परेको रु.२६७३००।०० को मुल्य अभिबृद्धि सहित रोशन महाविर भुपेन्द्र जे भिसँग असुल गर्नुपर्ने रु

| डिपीआर अनुसार | भुक्तानी भएको | डिपिआर अनुसार हुनुपर्ने | फरक घनमिटर | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| ३.४५ | ३४.६५ | ३१.०५ | ३.६ | १०५०० | ३७८०० |
| ०.७५ | ८४.८६ | ५७.८६ | २७ | ८५०० | २२९५०० |
| | | | | जम्मा | २६७३०० |
| भुक्तानी दिएको | २५*०.६*०.६*३.८५=३४.६५ घनमिटर | | | | |
| भुक्तानी दिएको | ३३५.४*०.२३ *१.१=८४.८६ घनमिटर | | | | |
| | | | | असुल गर्नुपर्ने | ३,०२,०४९ |

३४ **चेनेज उल्लेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार प्राविधिक नाप जाँच गरी नापि किताब (मजेरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको अधारमा मात्र भुक्तानी दिनु पर्छ । कच्ची नला खन्ने तथा सरसफाई कार्यका लागी लागत अनुमान रू २,४८,००३.७६ को भएको कार्यको लागि बाटो घाटो मर्मत संभार तथा नाला सरसफाई गर्ने कार्यका उपभोक्त समितिसँग सम्झौता भएकोमा उपभोक्ता समितले १० प्रतिशत लागत सहभागिता व्यहोर्ने रू २६,७२२।६४ र बाकी रू २,४०,५०३.७६ पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ। उक्त कामको डोजरले माटो खन्ने काम ३४८ क्यु.मिटर ७४ का दरेले र मान्छेले माटो खन्ने काम ६३८ क्युविक मिटर ३५६ का दरले काम गरेको छ। उक्तकामको डोजरले माटो खन्ने र मान्छेले माटो खन्ने कामको चेनेज उल्लेख गरेको देखिएन।डोजरले र मानिसले खन्ने कामको चेनेज उल्लेख गरी वास्तविक नापजाँचको अधारमा मात्र भुक्तानी गर्नु पर्छ। फुटकर कार्यक्रममा च्यानेज उल्लख गर्ने गरेको छैन। सम्बन्धित स्थानको फोटो नापि किताव प्राविधक पुष्ट्याई र कार्यसम्पन्न तथा अन्य विल भरपाईको आधारमा भुक्तानी दिने गरेको कार्यालयको भनाई रहेको छ।

३५ **साइकल वितरण -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। कक्षा ९ को छात्राहरूलाई साइकल वितरण गर्नका लागी २८७ थान साइकल प्रति ६७७५.५० मुल्यको दरले खरिद गरेको देखिन्छ। उक्त साइकल देहाय अनुसारका विद्यालयमा २७४ थान साइकल वितरण गरेको भरपाई पेश भएकोले बाकी रहेको १३ थान सइकलको प्रति इकाई मुल्य ६७७५.५० का दरले रू ८८०८१.५० वितरणको भरपाई पेश हुनु पर्ने रू

| **विद्यालयको नाम** | **वितरण भएको संख्या** |
|---|---|
| नेपाल राष्ट्रिय माध्यमिक विद्यालय प्रसठोका | ४३ |

| | |
|---|---|
| वेगां साह माध्यमिक विद्यालय | ८७ |
| नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खुटवा जब्दी | ४७ |
| सरस्वती नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | २४ |
| नेपाल राष्ट्रिय मा.वि. बेलहिया | ४२ |
| जनता नेपाल राष्ट्रिय मा.वि. बन्जरीया | ३१ |
| जम्मा | २७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,०८१.५ |

३६ **शिक्षा कार्यक्रम -**

३६.१ **बढी ग्रेड -** शिक्षक तथा कर्मचारीको तलव भुक्तानी दिदा स्वीकृत तलवि प्रतिवेद अनुसार तलव भत्ता तथा ग्रेड एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले बेगा साह मा.वि.का शिक्षक शम्भु प्रसाद पटेललाई तलव भत्ता भुक्तानी दिदा स्वीकृत तलवि प्रतिवेदन अनुसार रु.१४५६ का दरले ७ ग्रेडको भुक्तानी दिनुपर्नेमा ८ ग्रेड कायम गरी १० प्रतिशत क.सं कोष समेत १३ महिनाको रु.२०६७५ बढी ग्रेड भुक्तानी दिएको पाईयो। बढी ग्रेड भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६७५ |

३६.२ **दिवा खाजा -** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप २.७.११.१ मा स्थानिय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, सवै सार्वजनिक विद्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले सार्वजनिक गरेको साप्ताहिक मेनु अनुसार दिवा खाजाको प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिका मातहतका १२ विद्यालयका विद्यार्थीलाई दिवा खाजा वापत रु.९२५४५०० निकासा दिएको छ। पालिकाले १२ बिद्यालयलाई विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण एकिन नगरी विद्यालयले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिने गरेको पाईयो। जस बाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

३६.३ **विद्यालयलाई निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा खर्च पुष्ट्याई हुने विल भरपाई सहितको लेखा राख्नुपर्ने तथा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयलाई शैक्षिक सुधार अनुदान उल्लेख गरी नगरपालिका चालु खर्च शिर्षकबाट समेत विद्यालयलाई निकासा दिने गरेको पाईयो। विद्यालय संचालन तथा शिक्षक तलव भुक्तानीकोलागि संघिय सशर्त शिर्षकमा बजेट प्राप्त हुने र बजेट अपुग भएमा सशर्त शिर्षकमा बजेट माग गरी सशर्त शिर्षकबाटनै खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष बिद्यालय संचालन अनुदान, विद्यालय शिक्षक तलव लगायतको विवरण उल्लेख गरी निम्नानुसार विद्यालयलाई रु.५९१६००० निकासा दिएको छ। विद्यालयले उक्त रकम खर्चको लागि प्रस्तावना पेश गरेको तथा कार्यक्रम गरी सोको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। शैक्षिक सुधार कार्यक्रमको लागि, शिक्षक तलव भुक्तानीको लागि आवश्यक पर्ने बजेटको विश्लेषण गरी नपुग बजेट संघिय सशर्त शिर्षकबाट खर्च गर्नेतर्फ ध्यान दिई पालिका चालु कार्यकमबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ तथा विद्यालयलाई अनुदान तथा रकम निकासा दिदा बिद्यालय कार्यक्रम संचालनको परिधिमा रहि खर्च पुष्ट्याई गर्ने आधरा प्रमाणमाग गरी रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ।

| क.स | विद्यालयको नाम | अनुदान विवरण | रकम |
|---|---|---|---|
| १ | शहिद कन्हैया प्रा वि बेलहिया | शिक्षामा अनुदान | ६००००० |
| २ | श्री नेपाल राष्ट्रिय मा वि प्रष्टोका | शिक्षकलाई तलव अनुदान | ९००००० |
| ३ | बेंगा साह मा.वि. | विद्यालय संचालन अनुदान | ८००००० |
| ४ | ने.रा.मा.वि. खुटवा | विद्यालय संचालन अनुदान | ४००००० |
| ५ | श्री ने.रा.मा.वि. बेलहिया | विद्यालय संचालन अनुदान | ४००००० |
| ६ | जनता मा.वि. बन्जरिया | विद्यालय संचालन अनुदान | ४००००० |
| ७ | ज्ञान ज्योती प्रा.वि. प्रसौनी-१ | विद्यालय संचालन अनुदान | ३००००० |
| ८ | ने.रा.प्रा. वि. खुटवा) | विद्यालय संचालन अनुदान | २००००० |
| ९ | श्री रामजानकी ने.रा.नि.मा.वि. | विद्यालय संचालन अनुदान | ६६००० |
| १० | बेंगा साह मा.वि. | १२ कक्षा संचालन अनुदान | ३००००० |
| ११ | नेपाल राष्ट्रिय मा वि बेलहिया | १२ कक्षा संचालन अनुदान | २५०००० |
| १२ | श्री नेपाल राष्ट्रिय मा वि प्रष्टोका | विद्यालय संचालन अनुदान | ४००००० |
| १३ | नेपाल राष्ट्रिय मा वि प्रष्टोका | अतिरिक्त कक्षा संचालन अनुदान | १००००० |
| १४ | सरस्वति मा वि वेलहिया | विद्यालय संचालन अनुदान | ६००००० |
| १५ | ने.रा.मा.वि. खुटवा | अतिरिक्त कक्षा संचालन | १००००० |

| | | | |
|---|---|---|---|
| १६ | बेंगा साह मा.वि. | उत्कृष्ठ नतिजा अनुदान | १००००० |
| जम्मा | | | ५९१६००० |

---

३६.४ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६३३ जना रहेका छन। पालिकाले आर एन लड्डु ट्रेडर्स एण्ड सप्लायर्सबाट १४४०० थान स्यानिटरी प्याड रु.९६००४८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। पालिकाले कार्यविधिले तोकेको मापदण्ड अनुसार आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्ने र ल्याव रिपोर्ट माग गरी गुणस्तमा विश्वस्त हुने र एकमुष्ठ वितरण नगरी माग र खर्च अनुसार विद्यालयलाई निकासा दिने तर्फ ध्यान दिने तथा कार्याविधिको व्यवस्थाको परिपालना गर्नुपर्दछ।

---

३६.५ **गणित विज्ञान अंग्रजी अनुदान -**

**.....प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णय अनुसार रु. १,२६७,९८८ को सम्परीक्षण गरिएको।**

---

३६.६ **एकमुष्ठ अनुदान पाउने विद्यालयहरु -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को ९.८ मा एकमुष्ठ अनुदान दिने विद्यालयसँग तोकिएको ढाँचामा करार सम्झौता गरी विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित शर्त अनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यसवर्ष पालिकाले ज्ञान ज्योति आदर्श प्रा.वि प्रसौनीलाई एकमुष्ट अनुदान बापत रु.१०००००० निकासा दिएको छ। पालिकाले विद्यालयको नियमित अनुगमन नगरी एकमुष्ठ अनुदान दिने गरेको पाईयो। स्थानीय तहले एकमुष्ठ अनुदान पाउने विद्यालयसँग तोकिएको ढाचामा करार सम्झौता गरी सम्झौता अनुसार कार्य भएको एकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

---

३६.७ **विद्यालयलाई निकासा -** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाकोविभिन्न क्रियाकलापमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि तत्कालिन रुपमा शैक्षिक क्रियाकलापमा सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक सो क्रियाकलाप संचालन गर्न बजेट र वजेट खर्चको कार्यविधि निर्धारण गरेको छ। सोहि पुस्तिकाको क्रियाकलाप १.३ (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाले देहायका विद्यालयलाई संघिय सशर्त चालु खर्च शिर्षकबाट देहायका क्रियकलाप संचालनको लागि देहाय अनुसार रु.२४५०००० निकासा दिएको छ। विद्यालयले तोकिएको प्रक्रियाबाट उल्लेखित क्रियाकलाप संचालन गरी सोको विल

भरपाई व्यवस्थापक समितिबाट प्रमाणित गराई स्थानीय तहमा वुझाउनुपर्ने तथा स्थानीय तहले निकासा दिएको बजेटको क्रियाकलाप संचालनको अनुगमन गरी प्रगति विवरण तयार गर्नुपर्नेमा सो गरेको पाइएन। विद्यालयलाई निकासा दिएको वजेटको सम्बन्धित कार्यमा खर्च गरी सोको प्रमाणित विल भरपाई पेश गर्नुपर्ने अन्यथा विद्यालयको खाताबाट रकम फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्ने रु–

| क्र.स | विवरण | विद्यालय | रकम |
|---|---|---|---|
| १ | राष्ट्रतपि शैक्षिक सुधार । CT | सरस्वति ने रा मा वि | ६५०००० |
| २ | राष्ट्रतपि शैक्षिक सुधार । CT | जनता ने र मा वि बन्जरिया | ६५०००० |
| ३ | पुस्तकालय निर्माण | ज्ञान ज्योति आदर्श प्रा.वि | ६५०००० |
| ५ | बेंगा साह मा बि प्रसौनी | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २००००० |
| ६ | नेपाल राष्ट्रिय मा. वि. बेलहीया | प्रोत्साहन अनुदान | २००००० |
| | | जम्मा | २३५०००० |
| | | प्रमाण पेश नगरेको | २३,५०,००० |

३७ **स्वास्थ्य कार्यक्रम** -

३७.१ **मेडिकल उपकरण तथा औषधी खरीद -** गाउँपालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। गाउँपालिकाले संघीय सशर्त तथा गाउँपालिका चालु खर्च शिर्षकवाट विभिन्न औषधी र मेडिकल उपकरण खरिद गरी खरिद गरी रु.१७६४९९९।- भुक्तानी दिएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ।स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्नेमा औषधि ELMIS मा दाखिला गरेको छैन।ELMIS मा दाखिला गरी प्रयोग र मौज्दात समेत यकिन गरेर औषधि खरिद तथा वितरण समेतको कार्यलाई व्यवस्थित गर्नु पर्दछ ।

३७.२ **न्यानो झोला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने र खर्च पुष्ट्याई हुने प्रमाणित विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष गाउँपालिकामा १८८ बच्चाको जन्म भएको उल्लेखछ। पालिकाले ३३३ थान न्यानो झोला खरिद गरी गढीमाई जनरल सप्लायर्सलाई रु.२९९१५० भुक्तानी दिएको छ। वच्चा जन्मेको आधारमा १८८ थान न्यानो झोला खरिद गरी रु.१६८८८९ मात्र खर्च गर्नुपर्नेमा आवश्यकता भन्दा

१४५ थान वढी खरिद गरी मौज्दात राख्ने कार्यमा नियन्त्रण गर्ने र आगामि वर्ष मौज्दातबाट खर्च गरेपश्चात मात्र आवश्यकता विश्लेषण गरेरमात्र खरिद गर्नुपर्दछ।

---

३७.३ **फाजिल कर्मचारी -** निजामती सेवा ऐन, २०४९ को दफा ७ मा कुनैपनि सरकारी कार्यालयले दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्वास्थ्य तर्फ दरवन्दी बाहिरको निम्नानुसार ४ कर्मचरीलाई फाजिल राखि तलव भत्ता भुक्तानी दिएको पाईयो। फाजिल कर्मचारीलाई दरवन्दी अनुसारको कार्यालयमा व्यवस्थापन गरी सरकारको थप दायित्व हुनेकार्यलाई नियन्त्रण गर्नुपर्दछ।

| क्र.स | पद | नाम | तलव रकम |
|---|---|---|---|
| १ | अधिकृत सातौ | देवाकान्त मिश्र | ८०९००२ |
| २ | अ हे व | दिनेश मण्डल | ६०७९७४ |
| ३ | अनमि | रोजी चौधरी | ६२१५०७ |
| ४ | अनमि | जुनु गुरुङ्ग | ६२१५०७ |

---

## ३८ पकेट विकास कार्यक्रम -

३८.१ **कार्यक्रम संचालन -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन मेनुअल, २०७७ को परिच्छेद ४ नियम ४.१.४ मा तराई क्षेत्रमा खाद्यान्न बालि पकेट कार्यक्रम संचालनको लागि २० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुनुपर्ने, नियम ४.१.८ मा परियोजना कार्यान्वयन क्षेत्रको चार किल्ला निर्धारण गरी प्राविधिक समितिले क्षेत्र निर्धारण गर्नुपर्ने, कार्यक्रमको लागत अनुमान तथा स्पेसिफिकेशन कार्यलयले तयार गरी प्रमुख प्रशासकिय अधिकृतबाट लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्ने र परिच्छेद ६ मा कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्ने र अनुसुची फारम तयार गरेर प्रगति प्रतिवेदन तयार गरेर जिल्ला स्थिति जोन तथा सुपरजोन कार्यालयलाई समेत दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष नयाँ मकै पकेट स्थापना गरी श्री राधा कृष्ण सहकारी संस्था लि. लाई मकै पकेट विकास कार्यक्रमको निरन्तरताबाट रु.६००००० भुक्तानी दिएको छ। उक्त सहकारीसँग सम्झौता गर्नुपुर्व लागत अनुमन स्वीकृत नगरी परियोजना क्षेत्रको चार किल्ला निर्धारण नगरी प्राविधिक समितिले क्षेत्र निर्धारण नगरी सम्झौता गरेको देखियो। परियोजनाको अनुगमन मुल्याङ्कन तथा प्रगति प्रतिवेदन तयार नगरी सहकारीले पेश गरेको विभिन्न सप्लायर्सबाट खरिद गरी कृषकलाई वितरण गरेको विल भरपाईको आधारमा भुक्तानी दिएको पाईयो। म्यानुअलको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गर्ने, परियोजना क्षेत्रको कृषि विमा गर्ने, खरिद विधिको पालना गर्ने तथा परियोजनाको चार किल्ला क्षेत्र निर्धारण गरेर क्षेत्रफल एकिन गरेरमात्र परियोजना संचालन गर्ने र सोको अनुगमन गरी अनुगमन प्रतिवेदन तथा प्रगति प्रतिवेदन तोकिएको ढाचामा तयार गर्नुपर्दछ।

---

३८.२ **पकेट विकास कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको खर्च एकिन गरेरमात्र बजेटको सिमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। संघिय सरकार सशर्त अनुदानमा आ.व. २०७८।७९ मा स्थापना भएको

मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि बजेट विनियोजन भएको छ। गाउँपालिकाले यस वर्ष नयाँ मकै पकेट स्थापना गरी श्री राधा कृष्ण सहकारी संस्था लि. लाई मकै पकेट विकास कार्यक्रमको निरन्तरताबाट रु.६००००० भुक्तानी दिएको छ। पकेट विकास कार्यक्रम निरन्तरतामा गत विगतको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने नयाँ कार्यक्रमलाई भुक्तानी दिएको अनियमित देखिएको रु–.

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

३८.३ **धान पकेट -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन मेनुअल, २०७७ को परिच्छेद ४ नियम ४.१.४ मा तराई क्षेत्रमा खाद्यान्न बालि पकेट कार्यक्रम संचालनको लागि २० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुनुपर्ने, नियम ४.१.८ मा परियोजना कार्यान्वयन क्षेत्रको चार किल्ला निर्धारण गरी प्राविधिक समितिले क्षेत्र निर्धारण गर्नुपर्ने, कार्यक्रमको लागत अनुमान तथा स्पेसिफिकेशन कार्यलयले तयार गरी प्रमुख प्रशासकिय अधिकृतबाट लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्ने र परिच्छेद ६ मा कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्ने र अनुसुची फारम तयार गरेर प्रगति प्रतिवेदन तयार गरेर जिल्ला स्थिति जोन तथा सुपरजोन कार्यालयलाई समेत दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले वडा नं ५ मा ३७ कृषक परिवार विच नयाँ धान पकेट विकास कार्यक्रम संचालान गर्न जिन्नाद बाबा कृषि सहकारी संस्था लि. सँग रु.२०१८७०० मा सम्झौता गरेर पालिकाले व्यहोर्ने रकम रु.१२००००० भुक्तानी दिएको छ। उक्त सहकारीसँग सम्झौता गर्नुपुर्व लागत अनुमन स्वीकृत नगरी परियोजना क्षेत्रको चार किल्ला निर्धारण नगरी प्राविधिक समितिले क्षेत्र निर्धारण नगरी सम्झौता गरेको देखियो। परियोजनाको अनुगमन मुल्याङ्कन तथा प्रगति प्रतिवेदन तयार नगरी सहकारीले पेश गरेको विभिन्न सप्लायर्सबाट खरिद गरी कृषकलाई वितरण गरेको विल भरपाईको आधारमा भुक्तानी दिएको पाईयो। म्यानुअलको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गर्ने, परियोजना क्षेत्रको कृषि विमा गर्ने, खरिद विधिको पालना गर्ने तथा परियोजनाको चार किल्ला क्षेत्र निर्धारण गरेर क्षेत्रफल एकिन गरेरमात्र परियोजना संचालन गर्ने र सोको अनुगमन गरी अनुगमन प्रतिवेदन तथा प्रगति प्रतिवेदन तोकिएको ढाचामा तयार गर्नुपर्दछ।

३९ **प्रधानमन्त्री रोजगारी कार्यक्रम -**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जिवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको तिन वटा वडाहरुमा मात्र सडक मर्मत तथा सार्वजनिक स्थल मर्मतको कार्य कार्यको लागि ६ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट ११६ जनालाई औषत २० दिन कार्य गराई रु.११०९३२८ र प्रशासनकि खर्च बापत रु.१३३०४३५ गरी कुल रु.२४३९७६३ खर्च भुक्तानी दिएको देखियो। लक्षित कार्यक्रम खर्च भन्दा उक्त कार्यक्रम संचालनकोलागि लाग्ने प्रशासनिक खर्च बढी भएको देखिदा कार्यमा मितव्ययिता कायम भएको छ र प्रभावकारी ढंगबाट कार्यक्रम संचालन भएको छ भन्न सक्ने आधार भएन।उल्लेखित कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। साथै कार्यविधिको व्यवस्था कार्यान्वयन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तथा सबै वडाहरुमा कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै

प्रधानमन्त्री रोजगार कार्यक्रमको मुख्यकार्य आयोजना संचालन गरेर नागरिकलाई रोजगारी दिने रहेकोमा मुख्य कार्यमा भन्दा प्रशासनिक कार्यमा बढी खर्च गरेको नियमसम्मत देखिदैन।

| वडा नं | योजनाको नाम | बजेट विनियोजन | कुल खर्च रकम | रोजगारी संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|
| १ | १ नं वडामा खानेपानी पाईप जडानको लागि नाला खन्ने कार्य | १,२२,१९७.५९ | ८३९७०.८१ | ९ | १७ |
| १ | रामाधार मुखियाको घर देखि देवनाथ दासको खेत सम्म बाटो निर्माण कार्य | २,३५,६७९ | १०११०७.७१ | ७ | २६ |
| ५ | छठी माई देखि स्कुल सम्म माटो पुरी बाटो मर्मत कार्य | १,४५,८१९ | ९९३९४.०२ | १० | १७ |
| ५ | छत्वन देखि छठी माई सम्म नया बाटो निर्माण गर्ने | १३,८७,४६५ | ५२२६७५.४५ | ५४ | १७ |
| ५ | छतवन देखि सोहरी बांध सम्म बाटो निर्माण गर्ने कार्य | २,२२,४८७ | १५४२३२.१ | १६ | ३० |
| ७ | अर्बुनिया खातुन को खेत देखि राधेश्याम पराजुली को खेत सम्म नया बाटो निर्माण कार्य | ४,०३,८०७ | १४७९४८.५७ | २० | १३ |
| | | जम्मा | ११०९३२८ | | |

---

४० **सामजिक सुरक्षा भत्ता -**

✂ **.....प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२१ को निर्णय अनुसार रु. ११६२३३० को सम्परीक्षण गरिएको।**

---

४१ **सुरक्षित नागरिक आवस -**

सुरक्षित नागरिक आवस कार्यान्वयन कार्यविधि २०७५ को दफा ६ मा जुन प्रयोजनको लागि अनुदान रकम उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगती अनुदान उपलब्ध गराईएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानिय तहले असुल उपर गर्नुपर्ने उल्लेखछ । बारा जिल्ला क्षेत्र नं ४ प्रसौनी गाउपालिका अन्तर्गत सुरक्षित नागरिक आवस कार्यकममा रु.९४००००० वजेट व्यवस्था भएकोमा रु.४२०००० मात्र यस आर्थिक वर्षमा खर्च गरेकोछ । हाल सम्म छनौट भएका १२३ जना लाभग्राही मध्ये ११७ लाभग्राहीले पहिलो किस्ता बापत रु २४८००००।०० लगेको र बाँकी ६ जनाले पहिलो किस्ता

समेत लगेको देखिदैन । आवस निर्माण गरे नगरेको अर्थात उदेश्य मुताविक खर्च गरे नगरेको अनुगमन गरेको देखिएन । काम ढिलो हुनको कारण बुझी सहजिकरण गरी कार्यसम्पन्न गर्ने गराउने तर्फ लागि सुरक्षित आवस सुनिश्चिता गरिनुपर्दछ । अनुगमन गरी उदेश्य विपरित खर्च गरेको पाईएमा कानुन अनुसार लाभग्राहीबाट असुल उपर गरिनुपर्दछ ।

| | वडा नं ५ | वडा नं ६ | वडा नं ७ |
|---|---|---|---|
| लाभग्राही संख्या | ६१ | १९ | ४३ |
| जम्मा | १२३ लाभग्राही संख्या | | |
| ०७८।७९ | १०३*२०००० = २०६०००० | | |
| ०७९।८० | १४*३००००=४२०००० | | |
| बाँकी | ६ लाभग्राही संख्या | | |

४२ संपरीक्षणबाट थप भएको बेरूजू -

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको कार्याक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को कार्यक्रम उपशिर्षक नं. २.७.१३.४० मा अग्रेजि, गणित र विज्ञान विषयको अनुदान शिक्षक वापतको तलव मासिक ३७९९० का दरले १२ महिलाको रु ४५५८८० प्रति शिक्षक तलवको व्यवस्था गरेको मा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय प्रसौनी गाँउपालिका ४ खुटवा जब्दि लाई एक जना शिक्षकको वार्षिक रु ५३८२०० निकासा दिएकोले बढि भुक्तानी भएको रु.८२३२४ रकम असुल उपर गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ८२३२४.०० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष - २०७९/८०

कार्यालय र स्थान - प्रसौनी गाउँपालिका, बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Uday Sankar Chaudhary | २०७९-५-१६ | २०७९-१२-१६ |
| कार्यालय प्रमुख | सुमित कुमार सिंह | २०७९-१२-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Sunil Prasad Keshari | २०७८-९-२१ | २०७९-५-१५ |
| लेखा प्रमुख | प्रेमबाबु प्रसाद | २०७५-१२-१२ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४५५,९३८.६ | १,३२२,८११ | १३,१०१,७०६.१४ | ० | ० | ५००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,३८०,४५५.७४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,५४८,८६६.६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ८२,३२४ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११,९१३,९१३.१४ |

**स्थानीय तह -**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १३४७२८८९७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८७००३५०० | **चालु खर्च** | २१६६५९२२६ |
| **प्रदेश सरकारबाट अनुदान** | १३९०९२५७ | **पूँजीगत खर्च** | १६७७२६६३९ |
| **राजश्व बाँडफाँट** | ५७९०३०२३ | **वित्तीय/अन्य व्यवस्था** | १९५२४१६९ |

| | | | |
|---|---|---|---|
| आन्तरिक आय | १०२११९९०३ | | |
| अन्य आय | ३९६७८६३५ | | |
| कुल आय | ५००६१४३१८ | कुल खर्च | ४०३९१००३४ |
| बाँकी मौज्दात | | २३१४३३१८१ | |

*द्रष्टव्यः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम सङ्ख्या हेरफेर हुन सक्नेछ ।*